# गन्यापधुरा गाउँपालिका

**स्थानीय राजपत्र**

## खण्डः ६ संख्याः६  असार १२ गते आइतबार, २०७९

## भाग-१

गन्यापधुरा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालयको

## सूचना

**गन्यापधुरा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७९**

गाउँसभामा पेश मिति २०७९।०३।०८

**प्रस्तावनाः** गन्यापधुरा गाउँपालिकाको आर्थिक वर्ष २०७८।०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम गन्यापधुरा गाउँसभाले यो ऐन बनाएको हो ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**आर्थिक ऐन, २०७९**" रहेको छ ।

(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि गन्यापधुरा गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

**२. सम्पत्ति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूची - १ बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्र अनुसूची - २ बमोजिम भूमि कर मालपोत लगाइने र असुल उपर गरिनेछ । तर सम्पत्ति कर लगाएको भूमिमा मालपोत कर लाग्ने छैन ।

**४. घर जग्गा वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची - ३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल उपर गरिनेछ ।

**५. व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची - ४ बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

६. **जडीबुटी, कवाडी र जीवजन्तु कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वन्यजन्तु पदार्थ, कवाडी माल र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची - ५ बमोजिमको कर लगाइने र असुल गरिनेछ।

७. **सवारी साधन कर**: सवारी साधन करको दर निर्धारण तथा संकलन सुदूरपश्चिम प्रदेश सरकारको निर्धारण गरे बमोजिम हुनेछ। तर गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधन (अटो रिक्सा र विद्युतीय रिक्सा) मा अनुसूची -६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ।

८. **विज्ञापन कर**: गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची - ७ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ।

९. **मनोरञ्जन कर**: मनोरञ्जन करको दर र संकलन गर्नका लागि अनुसुची - ८ मा भएको व्यवस्था बमोजिम हुने र प्रदेशले तोकेको कर सुदूरपश्चिम प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुने र सो संकलन गाउँपालिकाले प्रदेश सरकारले निर्धारण गरे बमोजिम गरिनेछ।

१०. **बहाल विटौरी शुल्क**: गाउँपालिका क्षेत्रभित्र हुने आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको अनुसूची - ९ उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

११. **पार्किङ शुल्क**: गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ उपलब्ध गराएवापत अनुसूची - १० बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२. **ट्रेकिङ शुल्क**: गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ सेवा वा व्यवसाय भए अनुसुची - ११ बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुर**: गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची - १२ मा उल्लेखित स्थानीय पूर्वाधार र उपल्बध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

१४. **सहकारी सम्बन्धी शुल्क**: गन्यापधुरा गाउँपालिकाभित्र सञ्चालन हुने सहकारीले यस क्षेत्र भित्र कारोबार गर्नका लागि गाउँपालिकामा अनिवार्य रुपमा दर्ता हुनुपर्ने र यसको शुल्क सम्बन्धी व्यवस्था अनुसुची - १३ बमोजिम हुनेछ।

१५. **पर्यटन शुल्क**: गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा उपयोगको प्रवेश शुल्क अनुसूची - १४ उल्लेखित दरमा लगाइने र असुल उपर गरिनेछ ।

**१६.** गाउँपालिकाको डोजर, ट्रयाक्टर र गाउँपालिकामा रहेको एम्बुलेन्सबाट गाउँपालिकाले अनुसूची - १५ बमोजिमको दरमा लगाइने र असुल उपर गरिनेछ।

**१७.**गाउँपालिकाले गाउँपालिका भित्रका सामुदायिक वनहरुले आम्दानी गरेको कुल रकमको १० प्रतिशत रकम असुल उपर गरिनेछ।

**१८.** घरजग्गा रजिष्ट्रेशन शुल्कको दर सुदूरपश्चिम प्रदेश सरकारले निर्धराण गरेबमोजिम गाउँपालिकाले संकलन गर्नेछ।

**१९.** गाउँपालिका क्षेत्रभित्रबाट संकलन हुने ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, खरिढुङ्गा, अभ्रक र दहत्तर बहत्तरमा प्रकृतिक स्रोत करको दर र प्रक्रिया सुदुरपश्चिम प्रदेश सरकारले निर्धारण गरेबमोजिम गाउँपालिकाले संकलन गर्नेछ।

२०. **कर छुट**: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनैपनि किसिमको कर छुट दिइने छैन।

**२१.** यस ऐनमा छुट भएका विषयमा कर संकलन गर्नु परेमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम कर लगाइनेछ।

**२२. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था यसै बमोजिम हुने र अन्यका हकमा यस ऐन तथा प्रदेशको ऐनसँग नबाझिने गरी गाउँकार्यपालिकाले स्वीकृत गरेको कार्यविधिले तोकेअनुसार हुनेछ।

**२३. नियम वा कार्यविधिः** गन्यापधुरा गाउँपालिकाले यस ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ।

**२४. यसै ऐन बमोजिम भएको मानिनेः** यो ऐन जारी हुनुभन्दा अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

**२५. अन्य व्यवस्थाः** गन्यापधुरा गाउँपालिकाका विषयगत शाखा, वडा तथा गाउँपालिकाका अन्य कार्यालयहरुबाट सेवाप्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आवद्ध गरी अनिवार्य अशुल गरी सेवा प्रवाह गर्नुपर्नेछ। तर नागरिकताको सिफारिस तथा व्यक्तिगत घटना दर्ता गर्दा प्रतिवद्धता लिई सेवा प्रवाह गर्न भने बाधा पुगेको मानिने छैन।

## अनुसूची- १
### (दफा २ सँग सम्बन्धित)
### गाउँपालिकाले लगाउने सम्पत्ति कर

| क्र स | विवरण | विस्तृत विवरण | चालु आ. व. को दर | प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | पक्की घर | RCC ढलान घर | ३०० | ३०० | |
| २ | पक्की घर | माटो र ढुङ्गाले बनेको तर प्लाष्टर गरिएको | १५० | १५० | |
| ३ | कच्ची घर | माटो र ढुङ्गाले बनेको सिलेट/ढुङ्गाले छाएको | १०० | १०० | |
| ४ | कच्ची घर | माटो र ढुङ्गाले बनेको जस्ता पाताको छाना भएको | ५० | ५० | |
| ५ | कच्ची घर | माटो र ढुङ्गाले बनेको, खरको छाना भएको | ५० | ५० | |

## अनुसूची- २
### (दफा ३ सँग सम्बन्धित)
### गाउँपालिकाले लगाउने भुमि कर(मालपोत)

| क्र सं | विवरण | विस्तृत विवरण | चालु आव को दर | प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | घर जग्गा रजिष्ट्रेशन शुल्क | प्रदेशले तोकेको कानुनअनुसार | | | |
| २ | मालपोत कर | १ देखि २ रोपनी | २० | २० | |
| | | २ देखि ५ रोपनी | ५० | ५० | |
| | | ५ देखि १० रोपनी | १०० | १०० | |
| | | १० देखि २० रोपनी | २०० | २०० | |
| | | २० देखि ५० रोपनी | ५०० | ५०० | |
| | | ५० देखि १०० रोपनी | १००० | १००० | |
| | | १०० देखि माथि | २००० | २००० | |

## अनुसूची- ३
## (दफा ४ सँग सम्बन्धित)

### गाउँपालिकाले लगाउने बहाल कर

| क्र सं | विवरण | विस्तृत विवरण | चालु आवको दर | प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | बहाल कर | कोठा वा घर भाडाको | १०% | १०% | |

## अनुसूची- ४
## (दफा ५ सँग सम्बन्धित)
### गाउँपालिकाले लगाउने व्यवसाय कर

| क्र सं | विवरण | विस्तृत विवरण | चालु आव को दर | प्रस्तावित दर | |
|---|---|---|---|---|---|
| १ | होटेल व्यवसाय | ५ कोठा भन्दा बढी भएको लज तथा खाना भएको होटेल | २००० | २००० | |
| | | लज मात्र भएको होटेल | १००० | १००० | |
| | | साधारण खाना नास्ता भएको | १००० | १००० | |
| | | रेष्टुरेन्ट मात्र भएको | ५०० | ५०० | |
| | | १० कोठा भन्दा बढी AC Room भएको होटेल रेष्टुराँ | ५००० | ५००० | |
| | | चिया/चाउमिन पसल | ५०० | ५०० | |
| २ | मासु पसल | खसी कुखुरा सबै मासु बेच्ने | १००० | १००० | |
| | | कुखुरा/ माछा मात्र बेच्ने | ५०० | ५०० | |
| ३ | पेय पदार्थ | कोल्ड ड्रिङ्क्स | ५०० | ५०० | |
| ४ | गहना पसल | सुन चाँदी गहना पसल ज्वेलर्श | १००० | १००० | |
| | | सुन चाँदी गहना मर्मत पसल | २५० | २५० | |
| ५ | विक्री तथा मर्मत केन्द्र | रेडियो/मोबाइल विक्री मर्मत | ५०० | ५०० | |
| | | घडी विक्री तथा मर्मत सेवा | २५० | २५० | |
| | | रेफ्रिजेरेटर मर्मत | २५० | २५० | |
| | | साइकल विक्री तथा मर्मत | २५० | २५० | |
| ६ | सञ्चार | दुरसञ्चार सेवा | ५०० | ५०० | |
| | | टेलिफोन टावर राखी सञ्चार सेवा उपलब्ध गराउने संस्थालाई | २०००० | २०००० | |
| ७ | एफ एम | १०० मे वा सम्मको एफ एमलाई | ५००० | ५००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | केवल सेवा | केवल टिभी सेवा | २००० | २००० | |
| ९ | पसल | टिभि तथा डिसहोम पसल | १५०० | १५०० | |
| १० | फोटो स्टुडियो | कलर ल्याव स्टुडियो | १००० | १००० | |
| | | फोटो स्टुडियो | ५०० | ५०० | |
| ११ | नाई/पार्लर | हजाम, व्युटी पार्लर पसल | २५० | २५० | |
| १२ | सिलाई सेन्टर | टेलरिङ तथा सिलाई सेन्टर | २५० | २५० | |
| १३ | जुत्ता पसल | जुत्ता सिलाई बच्ने पसल | ५०० | ५०० | |
| | | जुत्ता मर्मत मात्र गर्ने | १०० | १०० | |
| १४ | मोटर वर्क सप | गाडीको बडी बनाउने तथा मर्मत गर्ने | १५०० | १५०० | |
| | | सबै सवारी साधन मर्मत गर्ने र पार्टस बेच्ने | १५०० | १५०० | |
| | | सबै सवारी मर्मत मात्र गर्ने | १२०० | १२०० | |
| | | गाडी मात्र मर्मत गर्ने | १२०० | १२०० | |
| | | मोटरसाइकल मर्मत तथा पार्टस बेच्ने | १२०० | १२०० | |
| | | मोटरसाइकल मर्मत मात्र | १००० | १००० | |
| १५ | छापाखाना | अफसेट प्रेस | १५०० | १५०० | |
| | | साधारण प्रेस | १००० | १००० | |
| १६ | स्वास्थ्य सेवा | सामुदायिक अस्पताल | ५००० | ५००० | |
| | | पोलीक्लिनिक | ३००० | ३००० | |
| | | क्लिनिक/मडिकल | १००० | १००० | |
| | | दन्त क्लिनिक | १००० | १००० | |
| १७ | उद्योग | क्रसर उद्योग | १०००० | १०००० | |
| | | ग्रिल तथा सटर उद्योग | २००० | २००० | |
| | | काष्ठफर्निचर एण्ड फिनिसिङ ठुला पूँजी | २००० | २००० | |
| | | काष्ठ फर्निचर साना पूँजी | १५०० | १५०० | |
| | | सामान्य फर्निचर उद्योग | १००० | १००० | |
| | | मेटल उद्योग | ५००० | ५००० | |
| | | दाना उद्योग फिड | ५०० | ५०० | |
| | | मिनरल वाटर उद्योग | ५००० | ५००० | |
| | | ब्लक उद्योग | २५०० | २५०० | |
| | | तार जाली बनाउने उद्योग | १५०० | १५०० | |
| | अन्य उद्योगहरु | २० लाख पूँजी भएका उद्योग | १०००० | १०००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | १ लाख ५० हजार पूजी भएका | ५००० | ५००० | |
| | | १ लाख ५० हजार भन्दा कम पूँजीका | ३००० | ३००० | |
| १८ | ईट्टा डिपो | ईट्टा भट्टा | २५०० | २५०० | |
| | | ईट्टा डिपो | १५०० | १५०० | |
| १९ | बेकरी उद्योग | बैकरी उद्योग | १५०० | १५०० | |
| | | बेकरी पसल | ५०० | ५०० | |
| २० | इन्सिच्युट | कम्प्युटर इन्सिच्युट | १००० | १००० | |
| २१ | पान पसल | पान पसल | २५० | २५० | |
| २२ | तरकारी/फलफुल | तरकारी र फलफुल पसल | ३०० | ३०० | |
| २३ | चस्मा पसल | चस्मा पसल | २५० | २५० | |
| २४ | कुटानी पिसानी मिल | १० हर्ष पावर भन्दा माथिको क्षमता | २००० | २००० | |
| | | ५-१० हर्ष पावरसम्मका मिल क्षमता | १००० | १००० | |
| | | ५ हर्ष पावर भन्दा कम क्षमताका मिल | ५०० | ५०० | |
| २५ | डिलर | सबै प्रकारको | ५००० | ५००० | |
| २६ | कपडा फेन्सी पसल | थोक पसल | १००० | १००० | |
| | | खुद्रा पसल | ५०० | ५०० | |
| २७ | किराना पसल | ५ लाखदेखि माथिका किराना पसल | २००० | २००० | |
| | | ५ लाख सम्म लगानी भएको किराना | ५०० | ५०० | |
| | | १ लाखभन्दा कम लगानी भएका पसल | २५० | २५० | |
| २८ | खाद्य पसल | थोक सहितको खाद्य पसल | १००० | १००० | |
| | | खुद्रा खाद्य पसल | ५०० | ५०० | |
| २९ | चुरा धागो तथा श्रृङ्गार पसल | थोक सहितको पसल | ५०० | ५०० | |
| | | खुद्रा पसल | २०० | २०० | |
| ३० | भाँडा पसल | थोक भाडा पसल | १००० | १००० | |
| | | खुद्रा पसल | २०० | २०० | |
| ३१ | घ वर्गको निर्माण व्यवसाय | निर्माण व्यवसाय दर्ता | २५००० | २५००० | |
| | | निर्माण व्यवसाय नवीकरण | २५०० | २५०० | |
| | | प्रमाण पत्रको प्रतिलिपी | १००० | १००० | |
| | | नवीकरण विलम्ब शुल्क प्रतिवर्ष थप | १००० | १००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | नामसारी दस्तुर घर परिवारकै सदस्यमा | २५०० | २५०० | |
| | | नामसारी दस्तुर घर सदस्य बाहिर भएमा | २५००० | २५००० | |
| | | ईजाजत पत्र ठाँउसारी दस्तुर | १५००० | १५००० | |
| ३२ | पोल्टी फर्म/ माछा व्यवसाय | ठुला व्यवसायी | ४०० | ४०० | |
| | | साना व्यवसायी | २०० | २०० | |
| ३३ | हार्डवयर | हार्डवयर पसल | १५०० | २००० | |
| ३४ | इलेक्ट्रिक | इलेक्ट्रिक पसल | १००० | १००० | |
| ३५ | कानूनी फर्म | कानूनी फर्म | १००० | १००० | |
| ३६ | साइन बोर्ड | साइन बोर्ड पेन्टिङ एण्ड छाप उद्योग | ५०० | ५०० | |
| ३७ | स्टेशनरी | स्टेशनरी तथा पुस्तक पसल | ५०० | ५०० | |
| ३८ | जडीबुटी | जडीबुटी खरिद विक्री पसल | १५०० | १५०० | |
| ३९ | लेखा परिक्षक | लेखापरिक्षक | १००० | १००० | |
| ४० | विज्ञापन सेवा | विज्ञापन सेवा वा एजेन्ट | १००० | १००० | |
| ४१ | गैसस कार्यालय | अन्तराष्ट्रिय गैसस(शाखा कार्यालय) | १०००० | १०००० | |
| ४२ | सप्लायर्श (व्यापार तथा व्यवसाय) | (साना १० लाख सम्म पूजी) | १५०० | २००० | |
| | | मझौला १०-५० लाख सम्म पूँजी | | ३००० | |
| | | ठूला १ करोड माथि पूँजी भएका | | ५००० | |
| ४३ | हाउजिङ | जग्गा विकास तथा हाउजिङ | १०००० | १०००० | |
| ४४ | मार्वल टायल्स | मार्वल टायल्स पसल | १००० | १००० | |
| ४५ | व्यापारी | झोला कुम्लामा बोकी व्यापार गर्ने व्यापरीलाई पालिकाभित्र व्यपार गरेमा | पटके रसिद १००० | पटके रसिद ५०० | |
| ४६ | क्याटेरिङ | क्याटेरिङ सेवा | १००० | १००० | |
| ४७ | दुग्ध डिपो | दुग्ध डेरी उद्योग | ५०० | ५०० | |
| ४८ | ग्यास डिपो | ग्यास विक्रेता | १००० | १००० | |
| ४९ | सहकारी | वित्तीय बाहेक अन्य कारोवार गर्ने सहकारी संस्था | ५०० | ५०० | |
| ५० | वित्तीय सेवा | नेपाल सरकारको पूर्ण स्वामित्व बाहेक क वर्गका बैंकहरु | १०००० | १०००० | |
| | | नेपाल सरकारको पूर्ण स्वामित्व बाहेक क वर्गका बैंकहरु | ८००० | ६००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ऋण तथा बचत सहकारी संस्था र शाखा रहित बैंक तथा वित्तीय संस्था | २००० | १००० | |
| ५१ | विद्यालयलाई धरौटी रकम (निजी विद्यालय) | आधारभुत तह १-५ लागि रु | १५००० | १५००० | |
| | | आधारभुत तह ६-८ का लागि रु | २०००० | २०००० | |
| | | माध्यकि तह ९-१० का लागि रु | २५००० | २५००० | |
| | | माध्यमिक तह ११-१२ का लागि रु | ३०००० | ३०००० | |
| ५२ | शैक्षिक संस्था कक्षा थप अनुमति | नीजि विद्यालय प्रति कक्षा संख्या थप | ३००० | ३००० | |
| | | सामुदायिक विद्यालय प्रतिकक्षा थप अनुमति | १००० | १००० | |
| | नीजि विद्यालय नवीकरण शुल्क | १-५ सम्मको विद्यालय भएमा | २००० | २००० | |
| | | १-८ सम्मको विद्यालय भएमा | ३००० | ३००० | |
| | | १-१२ सम्मको विद्यालय भएमा | ५००० | ५००० | |
| ५३ | सिनेमा हल | सिनेमा हल | ५००० | ५००० | |
| | | भिडियो हल | २५०० | २५०० | |
| ५४ | सवारी साधन शोरुम | गाडीको शोरुम | १०००० | १०००० | |
| | | मोटरसाइकलको शोरुम | ७००० | ७००० | |
| | | ट्रयाक्टर तथा अन्य मेशिनरी कृषि कार्य | ५००० | ५००० | |
| ५५ | एग्रो पसल | कृषि/ भेटेरीनरी सामग्री पसल | २०० | २०० | |
| ५६ | कृषि व्यवसाय | गाई, भैसी, बंगुर, बाख्रा पालन | ५०० | ५०० | |
| | | कृषि व्यवसाय दर्ता प्रमाणपत्र | ५०० | ५०० | |
| | | कोल्ड स्टोर | २५०० | २५०० | |
| ५७ | | पानी ट्याङ्कर | १००० | १००० | |
| ५८ | | आइस क्रिम पसल | १०० | २०० | |
| ५९ | वन तथा वतावरण शुल्क | सल्लाको खोटो संकलन प्रतिकेजी रु | २ | २ | |
| | | निकासी(सल्लाAग्रेड प्रति क्यु फिट रु) | १५ | १५ | |
| | | निकासी(सल्लाBग्रेड प्रति क्यु फिट रु) | १२ | १२ | |
| | | कुकाठ प्रति क्यु फिट रु | १० | १० | |
| | | साल A ग्रेड प्रति क्यु फिट | २५ | २५ | |
| | | साल B ग्रेड प्रति क्यु फिट | २० | २० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६० | गिट्टी, बालुवा,ढुङ्गा, स्लेट वापतको कर | टिप्पर प्रति ट्रिप रु(बालुवा गिट्टी ढुंगा) | १००० | १००० | |
| | | मिनि टिप्पर प्रति ट्रिप रु(बालुवा गिट्टी ढुंगा) | ५०० | ५०० | |
| | | ट्रक प्रति ट्रिप रु | ८०० | ८०० | |
| | | मिनि ट्रक/ट्र्याक्टर रु | ५०० | ५०० | |
| | | भ्यान प्रति ट्रिप रु | ३०० | ३०० | |
| ६१ | माटो | माटो ढुवानी | ५०० | ५०० | |
| १. अन्यत्र दर्ता(घरेलु तथा साना उद्योग कार्यालय, आन्तरिक राजश्व कार्यालय, कम्पनि रजिष्टारको कार्यालय लगायत दर्ताका लागि तोकिएका अन्य संस्था वा कार्यालय) भएका व्यवसायहरुले गाउँपालिकाबाट अनिवार्य रुपमा व्यवसाय दर्ता प्रमाणपत्र लिई सो वापत व्यवसाय कर तिरेर मात्र यस गाउँपालिका क्षेत्रमा व्यापर व्यवसाय गर्न पाउनेछन् । | | | | | |
| २. अन्यत्र दर्ता नभएका साना व्यवसायीहरुले यस गाउँपालिकामा दर्ता भएर मात्र व्यवसाय सञ्चालन गर्न पाउनेछन् । दर्ता हुँदा माथि उल्लेखित वर्गीकरण अनुसारको दर्ता शुल्क तिर्नु पर्नेछ । | | | | | |
| ३. व्यवसाय दर्ता नवीकरण दस्तुर(प्रत्येक आर्थिक वर्षको असोजसम्ममा गर्नुपर्ने) व्यवसाय दर्ता गर्न लागेको शुल्क बराबर लाग्नेछ तर दर्ता शुल्क रु. १००० भन्दा माथि लाग्ने व्यवसायका हकमा रु. १००० नवीकरण शुल्क लाग्नेछ । | | | | | |

**अनुसूची- ५**
**(दफा ६ सँग सम्बन्धित)**

**जडीबुटी कवाडी तथा जीवजन्तु कर** (**ओखटेपहरमा लाग्ने कर**)

| क्र स | विवरण | विस्तृत विवरण | गत आवको दर | प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|---|
| | जडीबुटी | बहुमूल्य जडीबुटीको कुल मूल्यको | १ प्रतिशत | १ प्रतिशत | |
| | कवाडी माल | सिसा,कागज,प्लाष्टिक,अन्य प्रतिकेजी | १ प्रतिशत | १ प्रतिशत | |
| | भिर मौरीको मह | प्रचलित बजार मूल्यको | ५ प्रतिशत | ५ प्रतिशत | |
| | जीवजन्तु कर | कानुनले निषेध गरका बाहेक अन्य मृत जीवजन्तुका हाड सिङ छाला प्वाँख(कूल मूल्यको) | २ प्रतिशत | २ प्रतिशत | |

**अनुसूची- ६**
**(दफा ७ सँग सम्बन्धित)**

**गाउँपालिकाले लगाउने सवारी साधन कर**

| क्र स | विवरण | विस्तृत विवरण | गत आव को दर | प्रस्तावित दर | |
|---|---|---|---|---|---|
| १ | सवारी साधन कर | अटो रिक्सा तथा ईरिक्सा | १००० | १००० | |
| | | अटो रिक्सा तथा ई रिक्सा नवीकरण | ५०० | ५०० | |
| | | अन्यमा प्रदेशको कानुन अनुसार लाग्ने | | | |

**अनुसूची- ७**
**(दफा ८ सँग सम्बन्धित)**

**गाउँपालिकाले लगाउने विज्ञापन कर**

| क्र स | विवरण | विस्तृत विवरण | गत आव को दर | प्रस्तावित दर | |
|---|---|---|---|---|---|
| १ | होर्डिङ बोर्ड | प्रति वर्ग फिट | ५० | ५० | |
| २ | भित्ते तथा सटर | पेन्टिङ प्रतिवर्ग फिट | ३० | ३० | |
| ३ | रङ्गिन विज्ञापन | प्रतिवर्ग फिट फ्लेकसमा | २५ | २५ | |
| ४ | अन्य | पोष्टर पम्पलेट प्रति वर्ग फिट | १० | १० | |

**अनुसूची- ८**
**(दफा ९ सँग सम्बन्धित)**

**गाउँपालिकाले लगाउने मनोरञ्जन कर**

| क्र स | विवरण | विस्तृत विवरण | गत आव को दर | प्रस्तावित दर | |
|---|---|---|---|---|---|
| १ | मेला महोत्सव | प्रति दिन | १००० | १००० | |
| २ | मनोरञ्जन कार्यक्रम | खेलकुद लगायत अन्य मनोरञ्जन कार्यक्रमका लागि प्रति कार्यक्र | १००० | १००० | |

**अनुसूची- ९**
**(दफा १० सँग सम्बन्धित)**

**गाउँपलिकाले लगाउने बहाल विटौरी कर**

| क्र स | विवरण | विस्तृत विवरण | गत आव को दर | प्रस्तावित दर | |
|---|---|---|---|---|---|
| १ | टहरा नबनाई सार्वजनिक ठाउँको | प्रति वर्गमिटर सार्वजनिक जग्गाको बहाल कर(मुख्य बजार) वार्षिक | १०० | १०० | |
| २ | टहरा नबनाई सार्वजनिक ठाउँको | प्रति वर्गमिटर सार्वजनिक जग्गाको बहाल कर(मुख्य बजार बाहेक) वार्षिक | ५० | ५० | |
| ३ | सार्वजनिक स्थल | सार्वजनिक स्थालमा ढुङ्गा, गिट्टी, बालुवा थुपारेवापत (प्रतिदिन) | २० | २० | |

## अनुसूची- १०
**(दफा ११ सँग सम्बन्धित)**

**गाउँपलिकाले लगाउने पार्किङ शुल्क** (तोकिएको पार्किङ क्षेत्रमा व्यवस्था गरेर मात्र)

| क्र स | विवरण | विस्तृत विवरण | गत आव को दर | प्रस्तावित दर | |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका क्षेत्र भित्र प्रवेश गर्ने सवारी साधनलाई | बस ट्रक आदिमा (एक पटकका लागि) | १०० | १०० | |
| २ | | जीप भ्यान रु | ५० | ५० | |
| ३ | | मोटरसाइकल | २५ | २५ | |
| नोटः सरकारी सवारी साधनलाई पार्किङ शुल्क नलाग्ने । | | | | | |

## अनुसूची- ११
**(दफा १२ सँग सम्बन्धित)**

**गाउँपालिकाले लगाउने ट्रेकिङ शुल्क** (तोकिएको ट्रेकिङ क्षेत्र निर्धारण गरेर मात्र)

| क्र स | विवरण | विस्तृत विवरण | गत आव को दर | प्रस्तावित दर | |
|---|---|---|---|---|---|
| १ | स्वदेशी नागरिक | प्रति दिन प्रति व्यक्ति | २० | २० | |
| २ | विदेशी नागरिक | प्रति दिन प्रति व्यक्ति | १०० | १०० | |

## अनुसूची- १२
**(दफा १३ सँग सम्बन्धित)**

**सेवा शुल्क दस्तुर, सिफारिस र प्रमाणित शुल्क**

| क्र स | विवरण | विस्तृत विवरण | गत आव को दर | प्रस्तावित दर | |
|---|---|---|---|---|---|
| १ | प्रमाणित शुल्क | नाता प्रमाणित गर्ने | २०० | २०० | |
| | | जन्म मिति प्रमाणित गर्ने | २०० | २०० | |
| | | विवाहित प्रमाणित | २०० | २०० | |
| | | अविवाहित प्रमाणित | २०० | २०० | |
| | | व्यक्तिगत विवरण प्रमाणित गर्ने | २०० | २०० | |
| | | जीवितसँगको नाता प्रमाणित गर्ने | २०० | २०० | |
| | | हकवाला वा हकदार प्रमाणित | २०० | २०० | |
| | | कागज वा मन्जुरीनामा प्रमाणित | २०० | २०० | |
| | | जग्गा मूल्याङ्कन सिफारिश प्रमाणित | ५०० | ५०० | |
| | | संरक्षक प्रमाणित गर्ने | २०० | २०० | |
| | | घर पाताल प्रमाणित | २०० | २०० | |
| | | कागज र मन्जुरीनामा प्रमाणित गर्ने | २०० | २०० | |
| | | घरबाटो प्रमाणित | ५०० | ५०० | |
| २ | चार किल्ला प्रमाणित दस्तुर | आधा रोपनीसम्मको जग्गा | २०० | २०० | |
| | | एक रोपनीसम्मको जग्गा | ४०० | ४०० | |
| | | १ देखि ५ रोपनीसम्मको | ५०० | ५०० | |
| | | ५ देखि १० रोनीसम्मको | १००० | १००० | |
| | | १० रोपनीदेखि माथिको जतिपनि | २००० | २००० | |
| ३ | घर निर्माण नक्सापास दस्तुर | ढलान गरी निर्माण गरिने घरलाई | प्रतिवर्ग फिट रु ३ | प्रतिवर्ग फिट रु ३ | |
| | | ढलान नगरी निर्माण गरिने घरुलाई | प्रतिवर्ग फिट रु २ | प्रतिवर्ग फिट रु २ | |
| | | माटोको जडान गरी घरु निर्माण गर्नेलाई | प्रतिवर्गफिटरु ०.५० | प्रतिवर्गफिटरु ०.५० | |
| | | नक्सा नामसारी तथा नवीकरण वापत प्रत्येक पटकका लागि | ५०० | ५०० | |
| | | साविक घरमा मर्मत नहुने गरी मर्मत गरे | १०० | १०० | |
| | | नक्सापास सम्बन्धी काम सम्पन्न प्रमाणपत्र | ५०० | ५०० | |
| | | पास भएको नक्साको प्रतिलिपि | २०० | ३०० | |
| | | पुरानो घरको नक्सापास गर्नुपरेमा | प्रतिवर्ग फिट रु ७ | प्रतिवर्ग फिट रु ७ | |
| ४ | सिफारिस दस्तुर | नागरिकता सिफारिस | २०० | २०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | नागरिकता प्रतिलिपि सिफारिस | २०० | २०० | |
| | | नाबालक परिचयपत्र सिफारिस | २०० | २०० | |
| | | वैवाहिक अंगीकृत नागरिकता सिफारिस | २०० | २०० | |
| | | नाम थर जन्ममिति एकै हो भन्ने सिफारिस | २०० | २०० | |
| | | नाम थर जन्ममिति संशोधन सिफारिस | २०० | २०० | |
| | | नामसारी सिफारिस | २०० | २०० | |
| | | कित्ताकाट गर्न सिफारिस | ५०० | ५०० | |
| | | फर्म दर्ता सिफारिस | ५०० | ५०० | |
| | | उद्योग दर्ता सिफारिस | ५०० | ५०० | |
| | | जग्गा धनी प्रमाणपुर्जा प्रतिलिपि सिफारिस | ५०० | ५०० | |
| | | जग्गा मोही, नामसारी, जग्गा दर्ता, रैकर, गुठी आदि सिफारिस | ५०० | ५०० | |
| | | आयस्रोत प्रमाणित सिफारिस वार्षिक आयको हिसावले | वार्षिक हुन आउने रकमको ०.५% | वार्षिक हुन आउने रकमको | |
| | | सम्पत्ति मूल्याङ्कन दस्तुर सिफारिस | कुल मूल्यको ०.५ % | कूल मुल्यको ०.५ % | |
| | | कालोपत्रे मोटरबाटो भएको सिफारिस | १००० | १००० | |
| | | अन्य मोटरबाटो भएको सिफारिस | ५०० | ५०० | |
| | | धारा/बिजुली मिटर सिफारिस | २०० | २५० | |
| | | मोही लगत कट्टाको सिफारिस | ५०० | ५०० | |
| | | घरजग्गा करको लेखाजोखा सिफारिस | ५०० | ५०० | |
| | | बहाल करको लेखाजोखा सिफारिस | ५०० | ५०० | |
| | | छात्रवृत्ति सिफारिस (विपन्न निःशुल्क) | २०० | २०० | |
| | | संस्था दर्ता सिफारिस | ५०० | ५०० | |
| | | अस्थायी/ अस्थायी बसोबास सिफारिस | २०० | २०० | |
| ५ | शिक्षा सम्बन्धी सिफारिस | कक्षा ८को मार्कसिट प्रतिलिपि | २०० | २०० | |
| | | शिक्षक सरुवा सहमित/अनुमति (मा वि) सहमति लिएर जानेलाई | २००० | २००० | |
| | | शिक्षक सरुवा सहमित/अनुमति (नि मा वि) सहमति लिएर जानेलाई | १००० | १००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | विद्यालय खोल्न ठाउँसारी सिफारिस | ५०० | ५०० | |
| | | निजी कलेज सिफारिस | २०००० | २०००० | |
| ६ | | कोठा खोल्ने कार्य रोहवरमा बस्ने | ५०० | ५०० | |
| ७ | | सर्जमिन मुचुल्का | ५०० | ५०० | |
| ८ | आयात/निर्यातमा निकासी प्रति चौपाया सिफारिस शुल्क | चौपाया सम्बन्धी सिफारिस | प्रति चौपाया रु २० | प्रति चौपाया रु २० | |
| | | भैसी राँगो | २०० | २०० | |
| | | गाई गोरु | ६० | ६० | |
| | | बाख्रा /खसी /बोका /भेडा | ६० | ६० | |
| | | कुखुरा र हाँस | १ | १ | |
| | | कुखुरा हाँस (चल्ला) | ०.१० पैसा | ०.१० पैसा | |
| ९ | योजना सम्झौता सिफारिस | वडास्तरीय र पालिकास्तरीय योजनामा | ५०० | ५०० | |
| | | अन्य बाह्य योजनाका लागि | १००० | १००० | |
| १० | योजना फरफारक सिफारिस सबै प्रकारका योजनामा(योजना रकमको) | रु ५ लाखसम्मका योजनाका लागि | ०.५०% | ०.५०% | |
| | | ५ देखि १० लाखसम्मका योजनामा | ०.४५% | ०.४५% | |
| | | १० देखि ३० लाखसम्मका योजनामा | ०.४०% | ०.४०% | |
| | | ३०देखि १ करोडसम्मका योजनामा | ०.३५% | ०.३५% | |
| | | १ करोड देखि माथिका योजनामा | ०.१०% | ०.१०% | |
| ११ | गैरसरकारी संस्था | गैरसरकारी संस्थालाई पालिकाभित्र काम गर्न अनुमति प्रदान गरेवापत दस्तुर | ५००० | ५००० | |
| १२ | | गैरसरकारी संस्थालाई सुचीकृत गरेवापत | ५०० | ५०० | |
| १ विपन्नलाई छात्रवृत्ति, आर्थिक सहायता, निःशुल्क उपचार, दैवी प्रकोप र ज्येष्ठ नागरिक भत्ता प्राप्तिका लागि गरिने मन्जुरनामा सिफारिस आदिमा सिफारिस दस्तुर छुट दिने । | | | | | |
| २ कृषि क्षेत्रको लागि सिफारिस दिदा सिफारिस दस्तुरमा ५०% छुट दिने । | | | | | |
| ३ आयस्रोत प्रमाणित र सम्पत्ति मूल्याङ्कन बाहेक अन्यमा अंग्रेजीमा सिफारिस दिदा थप ५०% दस्तुर लिने । | | | | | |

## अनुसूची- १३
## (दफा १४ सँग सम्बन्धित)
## गाउँपालिकाबाट सहकारी संस्थाका लागि तोकिएको शुल्क

| क्र स | विवरण | विस्तृत विवरण | गत आव को दर | प्रस्तावित दर | |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सहकारी संस्था | नयाँ सहकारी संस्था दर्ता | २५०० | २५०० | |
| २ | | सहकारी संस्था नवीकरण | ५०० | ५०० | |
| ३ | | दर्ता प्रमाणपत्र प्रतिलिपि | ५०० | ५०० | |
| ४ | | वार्षिक कानुन बमोजिम नवीकरण नगराउनेलाई जरिवाना प्रतिवर्ष | २००० | १००० | |
| यस गाउँपालिकाभित्र भएका सहकारी संस्थाहरुले अनिवार्य रुपमा यस गाउँपालिकामा दर्ता भई सहकारी ऐन अनुसार वार्षिक विवरण प्रत्येक वर्ष अनिवार्य बुझाउनु पर्नेछ । | | | | | |

**अनुसूची- १४**
**(दफा १५ सँग सम्बन्धित)**

**गाउँपालिकाले लगाउने पर्यटन शुल्क** (**प्रतिदिन**)

| क्र स | विवरण | विस्तृत विवरण | गत आव को दर | प्रस्तावित दर | |
|---|---|---|---|---|---|
| १ | दृश्यावलोकन | स्वदेशी नागरिक | २० | २० | |
| २ | | विदेशी नागरिक | १०० | १०० | |
| | अध्ययन भ्रमण | स्वदेशी नागरिक | २० | २० | |
| | | विदेशी नागरिक | १०० | १०० | |
| स्वदेशी विद्यार्थीलाई ५० प्रतिशत छुट, अपाङ्ग ज्येष्ठ नागरिक अतिविपन्न व्यक्तिलाई प्रमाणका आधारमा निःशुल्क हुनेछ । | | | | | |

**अनुसूची- १५**
**(दफा १६ सँग सम्बन्धित)**
**गाउँपलिकाले तोकेको भाडा दर**

| क्र स | विवरण | विस्तृत विवरण | गत आव को दर | प्रस्तावित दर | |
|---|---|---|---|---|---|
| १ | भाडा दर | गाउँपालिकाको हल प्रयोग गरेवापत | १०००(प्रतिदिन) | १०००(प्रतिदिन) | |
| २ | | गाउँपालिकाको प्रोजेक्टर प्रयोगवापत | ५००(प्रतिदिन) | ५००(प्रतिदिन) | |
| ३ | | ब्याक हु लोडर प्रतिघण्टा इन्धन सहित दर रु | २१०० | ३००० | |
| | | ब्याक हु लोडर प्रतिघण्टा इन्धन बाहेक दर रु | १२०० | १७०० | |
| ४ | | ट्रयाक्टर प्रतिघण्टा दर रु | १५०० | २००० | |
| ५ | | एम्बुलेन्स | डडेल्धुरा २४०० | डडेल्धुरा २४०० | |
| | एम्बुलेन्स | | धनगढी ७४०० | धनगढी ७४०० | |
| | | | नेपालगन्ज १२५०० | नेपालगन्ज १२५०० | |
| | | | चितवन २७००० | चितवन २७००० | |
| | | | काठमाडौ ३५००० | काठमाडौ ३५००० | |
| | कच्ची सडक | अन्य जिल्लाका हकमा | प्रति किमि ३०० | प्रति किमि ३०० | |
| | पक्की सडक | अन्य जिल्लाका हकमा | प्रति किमि २०० | प्रति किमि २०० | |

**आज्ञाले**

**दिलिप कुमार तामाङ**

**प्रमुख प्रशासकीय अधिकृत**